# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४१) काठमाडौं, मंसीर१८गते२०४८साल (पूर्वातिरिक्ताङ्क५५(ख+२)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय सामान्य प्रशासन मन्त्री श्री महेश्वरप्रसाद सिंह सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको आगामी भारत भ्रमण दलमा सम्मिलित हुन त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको सामान्य प्रशासन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय उद्योग मन्त्री श्री ढुण्डिराज शास्त्रीले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय वाणिज्य मन्त्री श्री गोपालमान श्रेष्ठ सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको आगामी भारतको औपचारिक भ्रमणमा सम्मिलित हुन त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको वाणिज्य मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय निर्माण तथा यातायात मन्त्री श्री खुमबहादुर खड्काले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

584

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

582